नेपाल सरकार

पोषण तथा खाद्य सुरक्षा नेपाल

# प्रतिवद्धता-पत्र

मानव विकासमा कुपोषण अवरोधको रुपमा नरहोस् भन्ने बहुक्षेत्रीय पोषण योजना दोस्रोको मुलमर्म र अवधारणा अनुरुप मातृ, शिशु तथा किशोर किशोरीको पोषण स्थितिमा सुधार ल्याउन २०७६ माघ, ०७ र ०८ गते त्रिवेणी गाँउपालिका, सल्यानका जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुखहरु तथा स्वास्थ्य संस्थाका प्रमुखहरु लगाएत अन्य सरोकारवालहरुको सहभागितामा त्रिवेणी गाँउपालिका र सुआहारा कार्यक्रमद्वारा संयुक्त रुपमा आयोजना गरिएको **एकीकृत स्वास्थ्य तथा पोषण कार्यक्रमको दीगोपना सुनिश्चितता गोष्ठीमा त्रिवेणी गाँउपालिकालाई स्वच्छ, सफा, स्वस्थ र पोषणयूक्त बनाई समृद्व नेपाल सुखी नेपाली** बनाउने अभियानलाई सफल बनाउन निम्नानुसारका कार्य गर्न हामी सहभागिहरु प्रतिवद्धता जाहेर गर्दछौं ।

<u>प्रतिवद्धताहरु:</u>

**स्वास्थ्य तथा पोषणका लागि स्थानीय सुशासन नीतिहरु:**

- पालिकालाई पोषणयूक्त पालिका वनाउने नीति लिईनेछ ।
- हरेक वडाका आमा मानिसहरुलाई सुसुचित बनाउने नीति लईने छ ।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाहरुको गुणस्तरिय बनाउदै समुदाय केन्द्रीत क्रियाकलापहरु संचालन गर्ने नीति लिईने छ ।
- पालिकाको स्वास्थ्य तथा सरसफाई नीति र नीति अनुसार रणनीति बनाई कार्यान्वयन गरिनेछ ।
- गाउ गाउमा जेष्ठ नागरिकहरुको तथ्यांक लिई उनीहरुलाई सम्मान गर्ने नीति लिईनेछ ।
- नसर्ने रोगहरु नियन्त्रण गर्नको लागी विभिन्न सचेतनामुलक अभियान संचालन गर्ने नीति लिईनेछ ।
- पालिका क्षेत्रका बजारको सुन्दरताका लागि एक घर एक गमला र पालिकाको पर्यटकीय स्थानहरुमा हरित पालिका प्रवर्द्धन गर्ने उदेश्यले फलफुल लगायतका बिरुवा रोप्ने नीति लिने छ ।
- हरिया तरकारी, फलफुल, मासु, अण्डा तथा दुधमा आत्मनिर्भर बन्नका लागि एक वडा एक कृषि/पशु प्राविधिक र हरेक वडामा नमुना कृषक बनाउने नीति लिईने छ ।
- बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्ने नीति लिईने छ ।
- पालिकाका सबै जनताहरुमा स्वच्छ तथा सफा पिउने पानीको पहुँच पुऱ्याउनका लागि आवश्यक नीति लिईनेछ ।
- पालिकाका अन्तर सम्वन्धित शाखाहरुको बीचमा मासिक तथा नियमित रुपमा प्रगति समिक्षा गर्ने नीति लिईनेछ ।
- पालिका भित्रका सम्भाव्य अवसरहरुको अध्ययन गरि सोही अध्ययनको तथ्यांकको आधारमा क्रियाकलापहरु छनौट गरि कार्यान्वयन गर्ने नीति लिईने छ ।
- कृषि उपजहरुको व्यवसायीक रुपमा उत्पादन गरि निर्यातमुखि नीति लिईने छ ।

नेपाल सरकार

- आयातित पत्रु खानालाई (Junk Food) विस्थापित गरी स्थानीय पोषणयुक्त खानालाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- पालिका भित्रका सबै जात जाती, वर्ग र समुदायलाई समान अवसर दिने समेटने नीति लिईन छ ।
- बहुक्षेत्रीय पोषण पद्धतिको अवधारणा अवलम्बन गर्ने नीति लिईनेछ । गाउपालिका तथा वडा तहमा गठन भएका पोषण तथा खाद्य सुरक्षा समितिहरुको बैठक नियमित रुपमा बसाल्ने र १००० दिनका आमाहरु पोषण सुधार तथा सरसफाई सम्बन्धि भए गरेका कार्यक्रमको समीक्षा गर्दै भावी योजनाहरु तय गर्ने पद्धतिलाइ नियमितता दिइनेछ ।
- विभिन्न विषयगत क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्थापनको लागी मानव संशाधन नीति तयार गरिनेछ ।
- बिभिन्न क्षेत्रमा सार्वजनिक निजी साझेदारी अवधारण मार्फत सेवा प्रदान गरिने नीति लिईनेछ ।

**माथी उल्लेखित नीति अनुरुप स्वास्थ्य तथा पोषण सुधारका लागी तपशिलमा उल्लेखित विषयगत क्षेत्रहरुमा बिभिन्न कार्यहरु गर्दै लगिने छ । जुन बिषयगत क्षेत्र अनुसार यस प्रकार छन् ।**

**<u>स्वास्थ्य तथा पोषण:</u>**

- त्रैमासिक तथा बार्षिक अभिलेख तथा प्रतिवेदन समिक्षा गोष्ठि गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेविका र आमा समुहहरुको माध्ययमवाट नयाँ गर्भवती महिलाको तथ्याङ्क संकलन गरि उनीहरुलाई नेपाल सरकारले उपलब्ध गराउने स्वास्थ्य सेवाहरुको पहुँचमा ल्याउने ।
- ANC चेक जाँचका लागि प्लेटफर्म र ट्राकिङ्ग सिस्टम वनाउने, सबै स्वास्थ्य संस्थावाट परामर्श सेवालाई अझ प्रभावकारी वनाउने ।
- PNC चेक जाँचका लागी अनमीको व्यवस्था गरि सेवाग्राहीहरुको घरमै गई सेवा दिने व्यवस्था गर्ने ।
- बच्चाको बृद्धि अनुगमन बढाउनका लागी वृद्धि अनुगमन दिन तोकी संचालन गरिनेछ । वृद्धि अनुगमनका साथै परामर्श दिने र बाल स्वास्थ कार्ड निरन्तर रुपमा अप्डेट गर्ने ।
- २ वर्षसम्म नियमानुसार तौल लिई बाल स्वास्थ्य कार्ड अध्यावधिक राख्ने लाई साम्मान गर्ने ।
- बर्षमा एम पटक स्वास्थ्य वच्चा प्रतियोगीता संचालन गर्ने ।
- बृद्धि अनुगमन वढाउनको लागी आमा समूहमा HMG क्यालेण्डर प्रयोग गरि नियमित छलफल गर्ने ।
- रेकर्डिं रिपोटिं सुदृढीकरण गर्न नियमित RDQA गर्ने ।
- स्वास्थ्य स्वयंसेविकाको मासिक बैठकमा स्वास्थ्य चौकी प्रमुखद्धारा MUAC बारे अभिमुखिकरण गरि नियमित प्रयोग गर्ने ।
- म.स्वा.स्व. से सँग मिलेर स्वास्थकर्मीले उचित तथ्याङ्क ईन्ट्री र समीक्षा गर्ने ।
- स्वास्थ्य र पोषण सम्वन्धी व्यवहार परिवर्तन सामाग्रीको उत्पादन, प्रयोग र व्यवस्थापनका लागि रकम विनियोजन गर्ने ।

- गाउँघर क्लिनिक, खोप क्लिनिक, IMNCI, सुआहारा फील्ड स्टाफले घरभेटमा लीएको MUAC मापन मं.स्वां. स्वयम् से. रजिष्टर मा अभिलेख गर्ने
- गा. पा. ले निजि क्षेत्र वाट प्रदान गरीएको सेवाको रेकर्ड लिन सहकार्य गर्ने ।
- स्वास्थ्य कर्मचारीले म.स्वा.स्व.सेवकीकाहरुलाई मासिक रुपमा निरीक्षण गरी मस्वास्वसेले नेतृत्व गरेको आमा समुहलाई सक्रिय बनाई १००० दिने आमाहरुको समेत सहभागीतामा नियमित बैठक बस्ने बातावरणको सृजना गर्ने ।
- स्वास्थ्य सस्था संचालन तथा ब्यवस्थापन समितिको बैठक नियमितरुपमा संचालन गर्ने, स्वास्थ्य तथा पोषण तथा स्वास्थ्य सम्बन्धि अवस्थाको विश्लेषण गर्ने, तथ्याङ्का आधारमा योजना बनाई त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन पद्वतिको विकास गर्ने संस्थागत सुदृढिकरण गरि दीगोपनका निश्चितता गर्ने ।
- सबै स्वास्थ्य सस्थामा परिवार नियोजनका ५ प्रकारका साधनहरु सर्वसुलभ रुपमा व्यवस्था गर्ने ।

कृषी तथा पशु सेवा:

- **" घर घरमा कुखुरा पालौं, आय आर्जन गरि कुपोषण फालौं"** कार्यक्रम संचालन गर्ने ।
- जलवायु मैत्रि प्रविधि (थोपा सिचाई, प्लाष्टिक घर, प्लाष्कि पोखरी, आकाशे पानिको संकलन, जुठेल्नोको पानी व्यवस्थापन)
- घरघरमा उन्नत पशु हात हातमा क्यान टोल टोलमा संकलन केन्द्र दुध उत्पादनमा ध्यान नारा सहित दुध उत्पादनमा वढावा गर्ने ।
- एक घर एक फलफुको वोट मार्फत फलफुल खोती प्रवर्द्धन गर्ने ।
- वाली बिशेष पकेटक्षेत्र स्थापना गर्ने ।
- वेमौसमी तरकारी करीडोर संचालन गर्ने ।
- कोल्ड स्टोर सहितको कृषि उपजसंकलन केन्द्रको स्थापना गर्ने, बजारको पहिचान गर्ने स्थापना गर्ने ।
- वोयर जातको बाखाको श्रोत केन्द्रको स्थापना गर्ने ।
- एक वडा एक प्राविधिक नियूक्ति गरि परिचालन गर्ने ।
- पालिकामा मिनि ह्याचरी स्थापना गरी कुखुरा श्रोत केन्द्र निर्माण गर्ने ।
- एक यूवा एक उद्यम कार्यक्रम लागु गर्ने ।
- उन्नत घास खेतिको विस्तार गर्ने र चरन क्षेत्रको निर्धारण ।
- पशुपंक्षि बिमा अनुदान कार्यक्रम व्यवस्थापन गर्ने ।
- घरघरमा बनाउ करेसाबारी आफ्नो लागी उब्जाउ तरकारी ।
- स्थापना भएका संकलन केन्द्र संचालन गर्ने ।
- कृषि उपज वृद्धिमा निजी क्षेत्रसंग समवन्वय गर्ने ।

स्वच्छता खानेपानी तथा सरसफाइ:

- आमा समूहको आन्तरिका रकमलाई सरसफाईको क्षेत्रमा परिचालन गर्ने ।

नेपाल सरकार

- पालिका भित्रका सबै विद्यालयहरुमा अनिवार्य फिल्टरको व्यवस्था गर्ने ।
- पालिकामा वास प्लान बनाई पूर्ण सरसफाई अभियानलाई अगाडी बढाउने ।
- **"स्वस्थ जीवनका लागि स्वच्छ पानी"** अभियानलाई मूर्त रुप दिन **"एक घर एक फिल्टर"** अभियान प्रभावकारी रुपमा संचालन गर्ने ।
- पुर्ण सरसफाइ उन्मुख टोल, वडा तथा गाउपालीका बनाउनको लागी बिभीन्न रचनात्मक कियाकलापहरु सन्चालन गर्ने ।
- गाउपालिकामा पानीको गुणस्तर परिक्षण गर्नको लागी मिनि ल्याब स्थापना गर्ने ।
- सरसफाई सम्वन्धि सुचान तथा शैक्षिक सामाग्रीहरु निर्माण, प्रकाशन तथा वितरण गरिनेछ ।

**महिला तथा बालबालीका**

- महिला तथा बालबालिकाहरुको स्वास्थ्य तथा पोषणमा सुधारका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा जोड दिने ।
- बाल विवाह गर्दा स्वास्थ्य तथा पोषण सम्बन्धी देखिने असर सम्बन्धी जनचेतना जगाउने ।
- आयमुलक कार्यक्रम संचालन गर्ने, जनचेतनात्मक कार्यक्रममा महिला तथा पुरुषको सम्मान सहभागिता सुनिश्चीत गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी अभियान, तालिम र जनचेतना कार्यक्रम हरुगर्ने ।
- नगरपालीका तथा वडामा रहेका प्रत्येक सेवा प्रदायक सरकारी कार्यालयहरुमा सुविधा सम्पन्न स्तनपान कक्षको व्यवस्था गरिनेछ ।
- किशोर किशोरी मैत्री तथा परिवारीक तथा सामाजिक वातावरण सुजना गर्ने ।
- महिला अधिकार सम्बन्धी विभिन्न दिवसहरु मनाउने ।

**शिक्षा**

- स्थानिय तहमा रहेका बहुक्षेत्रीय पोषणका सरोकारवाला हरुसंग समन्वयगरि गाउपालिकाका सबै विद्यालयहरुमा पोषण कक्षालाई थप प्रभावकारी (लेक्चर, हाजिरीजवाफ, बक्तृत्वकला प्रर्दशनी, डकुमेन्ट्री प्रर्दशनी आदी) रुपमा संचालन गरिनेछ ।
- दिवा खाजाको व्यवस्थापन गर्ने, शिक्षक तथा अभिभावक बीच अर्न्तकृया कार्यक्रम संचालन गर्ने र दिवा खाजामा स्थानिय पोषीला खाध्यपदार्थहरुको प्रयोग गर्ने नीतिलाई कार्यान्वयन गर्ने ।
- छात्राहरुलाई निशुल्क सेनेटरी प्याड वितरण गर्ने तथा स्थानीय स्तरमै संगीप्याड बनाउन बिध्यार्थिहरुलाई अभिमुखिकरण गरिनेछ ।
- सबै विद्यायलहरुमा जंक फुड निसेध गर्ने ।
- बिद्यालयका सबै किशोर किशोरीहरुलाई आइरन चक्कीको बितरण गर्ने ।
- स्वास्थ्यकर्मीद्वारा विद्यालयमा गई स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने ।

**निष्कर्ष**

नेपाल सरकार

पोषण तथा खाद्य सुरक्षा नेपाल

- माथि उल्लेखित प्रतिबद्धता अनुसार यस वर्षका क्रियाकलापहरु तय गरी वार्षिक तथा त्रैमासिक योजना बनाई कार्यान्वयन गर्ने तथा अर्को वर्षदेखि उक्त प्रतिबद्धता अनुसार योजना बनाई तथा बनाउन सहजिकरण गरी योजना निर्माण प्रक्रियाको माध्ययमबाट पालिकाको बार्षिक कार्यक्रममा समाहित गरी कार्यन्वयन गर्ने ।
- संयुक्त रुपमा कार्यक्रमको अनुगमन गरी पालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा एकिकृत पोषण कार्यक्रमहरुको प्रगती समीक्षा गर्ने तथा सुझाव र सल्लाह अनुसार कार्यक्रम परिमार्जित गरी कार्यन्वयन गर्ने ।

**हामीले नै तय गरेका माथि उल्लेखित बुंदाहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न हामी प्रतिबद्ध छौं ।**

नेपाल सरकार

पोषण तथा खाद्य सुरक्षा नेपाल

# उपस्थिती

*कार्यपालिकाका सदस्यहरु र विषयगत प्रमुखहरु*

| क्र स | नाम थर | कार्यालय | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | मान बहादुर डाँगी | त्रिवेणी गा.पा., सल्यान | अध्यक्ष | |
| २. | करुणा खडका | त्रिवेणी गा.पा., सल्यान | उपा अध्यक्ष | |
| ३. | छविलाल खत्रि | त्रिवेणी गा.पा. वडा नं. १, सल्यान | अध्यक्ष | |
| ४. | हुकुम प्रशाद महतारा | त्रिवेणी गा.पा. वडा नं. ३, सल्यान | अध्यक्ष | |
| ५. | छविराज शर्मा | त्रिवेणी गा.पा. वडा नं. ४, सल्यान | अध्यक्ष | |
| ६. | डिल्ली बहादुर चोहोरा | त्रिवेणी गा.पा. वडा नं. ५, सल्यान | अध्यक्ष | |
| ७. | मान बहादुर वली | त्रिवेणी गा.पा. वडा नं. ६, सल्यान | अध्यक्ष | |
| ८. | वेदराज थापा | त्रिवेणी गा.पा. वडा नं. २, सल्यान | का.वा. अध्यक्ष | |
| ९. | कान्ती वली | त्रिवेणी गा.पा., सल्यान | कार्यपालिका सदस्य | |
| १०. | गायत्री बुढाथोकी | त्रिवेणी गा.पा., सल्यान | कार्यपालिका सदस्य | |
| ११. | रती विक | त्रिवेणी गा.पा., सल्यान | कार्यपालिका सदस्य | |
| १२ | पर्वती दलामी | त्रिवेणी गा.पा., सल्यान | कार्यपालिका सदस्य | |
| १३ | डबल सिंह सार्की | त्रिवेणी गा.पा., सल्यान | कार्यपालिका सदस्य | |
| १४ | बशुन्धरा पुन | त्रिवेणी गा.पा., सल्यान | प्रमुख प्रशासकिय अधिकृत | |
| १५ | पहलमान वली | त्रिवेणी गा.पा., सल्यान | सामाजिक विकास शाखा प्रमुख | |
| १६ | प्रभात कुमार श्रेष्ठ | त्रिवेणी गा.पा., सल्यान | स्वास्थ्य शाखा प्रमुख | |
| १७ | अम्मर बवाल | त्रिवेणी गा.पा., सल्यान | कृषि शाखा | |
| १८ | दल बहादर राना | त्रिवेणी गा.पा., सल्यान | शिक्षा शाखा प्रमुख | |
| १९ | बसन्त रावत | त्रिवेणी गा.पा., सल्यान | पशु शाखा प्रमुख | |

नेपाल सरकार

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्ताम, सल्यान
कर्णाली प्रदेश, नेपाल

पोषण तथा खाद्य सुरक्षा नेपाल

## अन्य सरोकारवालाहरु

| क्र स | नाम थर | कार्यालय | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | अम्बर कुमार शर्मा | त्रिवेणी स्वास्थ्य चौकी | प्रमुख | |
| २. | लोक बहादुर बोहरा | सरिकोट स्वास्थ्य चौकी | प्रमुख | |
| ३. | जीवन कुमार बोहरा | काभ्रा स्वास्थ्य चौकी | प्रमुख | |
| ४. | शंकर राना | काँरागीठि स्वास्थ्य चौकी | प्रमुख | |
| ५. | सुरज कुमार शर्मा | सुआहारा, दाङ्ग | कार्यक्रम संयोजक | |
| ६. | अमृत पौडेल | सुआहारा सल्यान | कार्यक्रम संयोजक | |
| ७. | सेतलाल डाँगी | सुआहारा सल्यान | घरायसी खाद्यान्न उत्पादन तथा बजारिकरण अधिकृत | |
| ८. | निमरज केसी | सुआहारा सल्यान | जिल्ला वासा अधिकृत | |
| ९. | आनन्द कर्ण | सुआहारा सल्यान | स्वास्थ्य अधिकृत | |
| १०. | लिल बहादुर नेपाली | सुआहारा सल्यान | पोषण अधिकृत | |
| ११. | निम बहादुर नेपाली | दलित बिकास समाज | अध्यक्ष | |
| १२ | भुवन बराल | सुआहारा कार्यक्रम | कार्यक्रम बिशेषज्ञ | |
| १३ | तोरण बहादुर बुढाथोकी | दलित बिकास समाज | फिल्ड संयोजक | |
| १४ | दमन बुढाथोकी | दलित बिकास समाज | बित्त तथा प्रशासन अधिकृत | |
| १५ | प्रकाश नेपाली | दलित बिकास समाज | फिल्ड सुपरभाईजर | |
| १६ | ईश्वरी भण्डारी | दलित बिकास समाज | सामुदायीक पोषण स्वयंसेबक | |
| १७ | सावित्रा बली | दलित बिकास समाज | सामुदायीक पोषण स्वयंसेबक | |
| १८ | सुन्तली कुमारी ~~पुन~~ बोहरा | त्रिवेणी गा.पा. १, सल्यान | पूर्ण सरसफाई अभियान्ता | |
| १९ | मिश्री पुन | त्रिवेणी गा.पा. २, सल्यान | पूर्ण सरसफाई अभियान्ता | |
| २० | पार्वती बुढा | त्रिवेणी गा.पा. ३, सल्यान | पूर्ण सरसफाई अभियान्ता | |
| २१ | अमृता बोहरा | त्रिवेणी गा.पा. ४, सल्यान | सामुदायीक वास स्वयंसेबक | |
| २२ | तिला बोहरा | त्रिवेणी गा.पा. ५, सल्यान | पूर्ण सरसफाई अभियान्ता | |
| २३ | जेनिशा केसी खडका | त्रिवेणी गा.पा. ६, सल्यान | पूर्ण सरसफाई अभियान्ता | |

नेपाल सरकार

पोषण तथा खाद्य सुरक्षा नेपाल

| | | | | |
|---|---|---|---|---|
| २४ | हरिलाल ढकाल | स्वास्थ्यका लागी सक्षम प्रणाली | प्राविधिक अधिकृत | |
| २५ | पवन कुमार वली | स्वच्छता परियोजना | जिल्ला अधिकृत | |

**एकिकृत स्वास्थ्य तथा पोषण कार्यक्रमको दीगोपना सुनिश्चितता गोष्ठी**

**०७ र ०८ माघ, २०७६ *त्रिवेणी गाउ*पालिका, कर्णाली प्रदेश, नेपाल**

| | | | | |
|---|---|---|---|---|
| २६ | त्रिपुरा केशी | त्रिवेणी गा.पा. स्वा.शाखा ~~[illegible]~~ | अ.न.मी. | |
| २७ | कमला चन्द | त्रिवेणी - ६ | महिला स्वा.से.का. | |